# Ⅷ-4 बैंक तथा रेमिट्यान्स

## 1. बैंक

जापानी कम्पनीमा काम गर्ने अनि जापानमा छ महिना भन्दा बढी बसेको हुनु हुन्छ भने बैंकमा खाता खोल्न सकिन्छ । खाता खोल्नका लागि आवस्यक प्रक्रियाहरूका बारेमा बैंकमा सम्पर्क गर्नुहोस । खाता खोल्नका लागि आवस्यक सामग्रीहरु जस्तै निवास कार्ड, हानको छाप र र अरु बैँकले मागेका कागज हरु लगी खाता खोल्न सकिन्छ ।खाता खोलिसकेपछि तत्कालका लागि पासबुक दिने गर्दछ । यसले लेनदेनको रेकर्ड र प्रमाणित गर्न मदत गर्दछ । त्यस पछि तपाइले क्यास कार्ड पाउनु हुन्छ जुन तपाइले बेंक को ATM हरु बाट सजिलै पैसा झिक्न राख्न प्रयोग गर्न सक्नु हुन्छ। सामान्यतया बिहान 9:00 देखि 3:00 सम्म बैंक खुला रहन्छ (शनिबार र आइतबार बाहेक) । क्यास कार्ड भएमा अन्य समयमा पनि ATM मेसिन मार्फत पैसा झिक्न राख्न काम गर्न सक्नुहुन्छ । । कन्भिनी र एकि मा पनि ATM राखिएको हुन्छ (एस मा समय आनुसार पैसा निकाले राखे बापत थोरै सुल्क लाग्छ)

## 2. हुलाकबैंक

जापानमा हुलाक कार्यालयले बैंकको जस्तै सेवा पनि सुबिधा प्रदान गर्दछ । हुलाकमा पत्र, समान पठाउन मात्र नभएर अरु थप सुबिधा पनि पाउन सकिन्छ। निवास कार्ड भएमा जो कोहीले पनि खाता खोल्न सकिन्छ। यसले बैंकको जस्तै एटीएम क्यास कार्ड कार्ड पनि जारी गर्दछ । हुलाक प्राय: बिहान 9 बजेदेखि साँझ 4 बजेसम्म खुला हुन्छ । नयाँ वर्षका दिन,शनिवार र आइतवार छुट्टि रहने छ ।

## 3. बिदेसी रेमिट्यान्स

वैदेशिक रेमिट्यान्सका लागि बैंक र हुलाक कार्यालयबाट सामान्य विधि प्रयोग मार्फत रकम ट्रांस्फोर गर्न सकिन्छ । पंजीकृत कोषहरू मार्फत पनि सेवाको प्रयोग गर्न सकिन्छ । यसबाट पैसा पठाउन बैंक भन्दा सस्तो पर्छ ।
यो राष्ट्रिय कोषब्यूरोमा दर्ता गरिएको व्यापारीहरूको सूची हो।
URL https://www.fsa.go.jp/menkyo/menkyoj/shikin_idou.pdf

केही बैंकहरूले विदेशी रेमिट्यान्सहरू सम्हाल्दैनन्, त्यसैले तपाईं सावधान रहनु होला । वैदेशिक रेमिट्यान्सका सेवाहरू अन्तर्राष्ट्रिय रेमिट्यान्स र हुलाक कार्यालयहरूमा उपलब्ध छ । जहाँ  खाताबाट खातामा पैसा स्थानान्तरण गर्ने विधिसँगै, मनी अर्डर र एक्सचेन्ज सर्टिफिकेट दिने काम गर्छ । अर्डरका लागि हरू बैंक र हुलाक कार्यालयहरू प्रयोग गर्न सकिन्छ ।